कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या: ०७७/७८/४.३/ च.सं.: ६८५ मिति: २०७७/०९/१२

श्री कर्णाली प्रदेश योजना आयोग,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

विषय: बजेट निकासा सम्बन्धमा ।

यस कार्यालयको मिति २०७७/०८/२६ गतेको माननीय मुख्यमन्त्रीस्तरको निर्णयानुसार चालू आ.व. २०७७/०७८ को स्वीकृत नीति तथा कार्यक्रम र बजेटमा समावेश भएको एकिकृत बस्ती विकास कार्यक्रम मार्फत सहायता माग गरेका देहायका विभिन्न स्थानीय तहहरूका लागि देहायको शर्त/निर्देशनमा रही कार्यान्वयन हुने गरी बजेट तथा कार्यक्रम पठाउने निर्णय भएको हुँदा उपरोक्त निर्णयानुसार बजेट बाँडफाँट गरिएका देहायका आयोजनाहरुको कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम प्रवाह गर्ने व्यवस्था गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

क. स्वीकृत योजना, छनौटका आधार तथा बजेट:

| क.स | जिल्ला | कार्यान्वयन गर्ने निकाय | वडा नं. | घरधुरी संख्या | रकम रू. हजारमा | योजना छनौटका आधार |
|---|---|---|---|---|---|---|
| १ | मुगु | खत्याड गाँउपालिका | ८ र १० | | २०००० | आ.व. ०७५/०७६ मा बस्ती विकास कार्य शुरुवात गरिएको अधुरो आयोजना |
| २ | जाजरकोट | जुनीचाँदे गाँउपालिका | ७ | | १०००० | आ.व. ०७५/०७६ मा बस्ती विकास कार्य शुरुवात गरिएको अधुरो आयोजना |
| ३ | कालिकोट | रास्कोट नगरपालिका | ७ | ९० | ५०००० | आ.व. ०७५/०७६ मा बस्ती विकास कार्य शुरुवात गरिएको अधुरो आयोजना |
| ४ | डोल्पा ~~जाजरकोट~~ | मुड्केचुला गाँउपालिका | १ | ३२ | १३००० | नयाँ आवेदन 076 सालको बाढी पिडीतहरूलाई व्यवस्थित गर्न |
| ५ | जाजरकोट | बारेकोट गाँउपालिका | ७ | २०० | २०००० | २०७७ सालको बाढी पीडितहरूको व्यवस्थापन गर्न |
| ६ | हुम्ला | ताँजाकोट गाँउपालिका | ३ | ३८० | १००००० | आ.व. ०७५/०७६ मा बस्ती विकास कार्य शुरुवात गरिएको अधुरो योजना |
| ८ | १० जिल्ला | पूर्वाधार विकास कार्यालय ९, पूर्वाधार विकास निर्देशालय सुर्खेत | | | २०००० | मुख्यमन्त्री कार्यालयबाट पछि तोकीएका स्थानमा बिस्तृत परियोजना प्रतिवेदन निर्माण कार्यका लागि |
| | | | | जम्मा | २३३००० | अक्षरेपी तेइस करोड तीस लाख रुपैयाँ मात्र |

**कर्णाली प्रदेश सरकार**

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**वीरेन्द्रनगर, सुर्खेत**

पत्र संख्या: ०७७/७८/४.३/ च.सं.: मिति: २०७७/०९/१२

ख. कार्यक्रम कार्यान्वयन गर्ने निकायलाई आयोजना कार्यान्वयनका लागि शर्त/निर्देशनः

१. कार्यक्रम कार्यान्वयन गर्दा एकिकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६, कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापनं निर्देशिका, २०७७ र आर्थिक मामिला तथा योजना मन्त्रालयवाट प्राप्त हुने अख्तियारी निर्देशन तथा शर्तहरूको पालना गर्नु पर्नेछ ।

२. विस्तृत परियोजना प्रतिवेदन तयार गरिसकेका स्थानीयतहहरूले प्रतिवेदन अनुसारको लागत अनुमान, ड्रइङ्ग डिजाईन नियमानुसार स्वीकृत गराई अख्तियारी प्राप्त भएको १५ दिन भित्र खरिद प्रकृया शुरू गरी १ महिना भित्र कार्य प्रारम्भ गरि सक्नु पर्नेछ।

३. स्वीकृत लागत अनुमान, ड्रइङ्ग डिजाइन तथा प्राविधिक मूल्याङ्कन प्रतिवेदनको प्रतिलिपी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ । यस्तो लागत अनुमान तयार गर्दा कन्टेन्जेन्सी तर्फ बढीमा २ प्रतिशत भन्दा बढी रकम छुट्याउन वा खर्च गर्न पाइनेछैन।

४. विस्तृत परियोजना प्रतिवेदन तयार गरिनसकेका स्थानीय तहहरुले आयोजना कार्यान्वयन गर्ने निकायले अख्तियारी प्राप्त भएको २ महिना भित्र तोकिएको बस्ती विकास योजनाको बिस्तृत परियोजना प्रतिवेदन तयार गरी सो बमोजिमको लागत अनुमान, ड्रइङ्ग डिजाइन तथा प्राविधिक मूल्याङ्कन प्रतिवेदन तयार गरी नियमानुसार स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

५. विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि बजेट तथा कार्यक्रम प्राप्त गरेका निकायहरूले प्रतिवेदन तयार गरी आयोजना कार्यान्वयनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा थप बजेट माग गर्नुपर्नेछ। पहिले प्रतिवेदन पेश गर्ने स्थानीय तहलाई प्राथमिकता दिइनेछ।

६. विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा स्थानीय आवश्यकता, जीविकोपार्जनको अवस्था समेतलाई मध्यनजर गरी उपयुक्त भवन मोडेल छनौट गर्नु पर्नेछ। यसरी तयार हुने भवन न्यूनतम ७ जनाको परिवारको आवास सुविधा पुग्ने गरी तयार गर्नु पर्नेछ। यस कार्याक्रमबाट प्राप्त सहायता रकमबाट प्रतिघर ५ लाख भन्दा बढी रकम उपलब्ध गराउन पाइने छैन। प्रदेश पहिचान झल्कने भवन मोडेल कार्यालयले उपलब्ध गराउन सक्नेछ ।

७. सम्बन्धित स्थानीयतहले आयोजना कार्यान्वयनको नियमित अनुगमन गर्ने । मासिक रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

८. आयोजना कार्यान्वयनका क्रममा देखिने समस्याहरु समाधान गर्ने । आफनो तहबाट समाधान हुन नसक्ने समस्याहरूको जानकारी समयमै मन्त्रालय र मुख्यमन्त्री कार्यालयमा गराउने।

९. स्थानीय तहहरूबाट कार्यान्वयन हुने योजनाहरूको हकमा कार्यपालिकाबाट समेत आयोजना कार्यान्वयन गर्दा प्रचलित खरिद ऐन नियमहरूको पूर्ण पालना गर्नु पर्नेछ। कार्यक्रमको लागि प्रदेशबाट प्राप्त सहायता रकमलाई कुनै प्रकारको अध्ययन अनुसन्धान, डि.पि.आर. निर्माण,तलब, भत्ता, चन्दा, पुरस्कार वा पुरानो दायित्व भुक्तानी तथा प्रशासनिक कार्यमा खर्च गर्न पाइने छैन ।

**कर्णाली प्रदेश सरकार**

# मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

**वीरेन्द्रनगर, सुर्खेत**

पत्र संख्याः ०७७/७८/४.३/ च.सं.: मितिः २०७७/०९/१२

१०. कार्यक्रम कार्यान्वयनको लागि आवश्यक प्रशासनीक खर्च तथा उर्जा समूह तर्फका प्राविधिक जनशक्ति आवश्यक परेमा स्वीकृत लागत अनुमान बमोजिमको सम्बन्धित योजनाको कन्टेन्जेन्सी रकम भित्रबाट दायित्व वहन गरी उपलब्ध गराउनु पर्नेछ।

११. बिस्तृत परियोजना प्रतिवेदन तयारी कार्यकोलागि पूर्वाधार विकास कार्यालयमा पठाईएको वजेट स्थानीयतहहरूको मागको आधारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले छनौट गरी कार्यान्वयनका लागि पठाईनेछ ।

१२. कार्यक्रमबाट प्राप्त सहायता रकम कार्यान्वयनमा वित्तीय अनुशासन तथा पारदर्शिता कायम गरी बजेट सम्बन्धी आर्थिक वर्षको सिद्धान्त अनुरुप बजेटको सदुपयोग पुष्टि गर्ने, लेखा राख्ने, सार्वजनिक लेखा परीक्षण तथा आन्तरिक एवं अन्तिम लेखापरीक्षण गराउने साथै बजेट सम्बन्धमा कानूनी रुपले प्रमाणित गर्ने सम्पूर्ण जिम्मेवारी, उत्तरदायित्व तथा जवाफदेहिता योजना कार्यान्वयन गर्न तोकिएको सम्बन्धित निकायले वहन गर्नुपर्नेछ ।

वोधार्थः

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली,

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत,

श्रीमान् सचिवज्यू(शासकीय सुधार)को सचिवालय,

माननीय मुख्यमन्त्रीज्यूको निजी सचिवालय,

श्री योजना अनुगमन तथा मुल्याङ्कन शाखा, आर्थिक प्रशासन शाखा, मुख्यमन्त्री तथा मं.प. कार्यालय

श्रीमान्,
यसै बमोजिम पत्राचार गरी स्वीकृतार्थ पेश गर्दछु।

..............................
(युवराज न्यौपाने)
शाखा अधिकृत

२०७७/०९/१२
युवराज न्यौपाने
अधिकृत

२०७७/०९/१२
उप सचिव

२०७७/०९/१२